**मिति २०८०। १२।०२ गते बसेको निस्दी गाउँपालिकाको ५५ औँ गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. वास योजना तर्जुमा सम्वन्धमा।

३. राष्ट्रपति शैक्षिक सुधारको आयोजना छनौट तथा प्राथमीकिकरण सम्वन्धमा।

४. रकमान्तर सम्वन्धमा।

५. विविध।

०८०।१२।०२

प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner

**मिति २०८०।१२।०२ गते बसेको निस्दी गाउँपालिकाको ५५ औँ गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको वास प्लान तर्जुमा गर्न रु १८ लाख निस्दी कृषि तथा पशु उधमशीलता कार्यक्रम शिर्षक वाट रकमान्तर गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व २०८१।०८२ को लागी राष्ट्रपति शैक्षिक सुधारको आयोजना छनौट तथा प्राथमीकिकरण मिति २०८०।११।३० गते बसेको शिक्षा समिति बैठकको निर्णय अनुसार गर्ने निर्णय गरियो । साथै मिति २०८०।११।३० गते बसेको गाउँ शिक्षा समिति बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय अनुसार रकमान्तर गर्ने निर्णय गरियो ।

क) शिक्षक अनुदान रु ३५ लाख मा नपुग हुने रकम रु ५ लाख कर्मचारी तलव भत्ता शिर्षक वाट रकमान्तर गर्ने ।

ख) प्रगती आ .वि निस्दी - ७ मा ब्याट्री खरिदको लागी रु ४० हजार कार्यालय सामाग्री र मसलन्द शिर्षकवाट रकमान्तर गर्ने ।

ग ) वडा नं १ वाकामलाङ्गको विद्युतिकरणको लागी कालो तार र मिटर बक्स खरिदको लागी रु २ लाख रातवृक्ष साखर्दी खोला मो वा विनियोजित रकम रु ४ लाख र दोख डाँडा डाडाँवारी हुँदै साखर्दी खोला रु ४ लाख वाट जम्मा रकम रु २ लाख रकमान्तर गर्ने ।

५. प्रस्ताव नं ५ विविध माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) चालु आ व २०८०।०८१ को भवन निर्माण वाहेकका आयोजना सम्झौता म्याद मिति २०८०।१२।०७ गते सम्म थप गर्ने निर्णय गरियो ।

ख) यस गाउँपालिकामा वाढी ,पहिरो , भू - क्षय , भूकम्प ,आगलागी लगाएतका विपद्हरुको न्यूनिकरण तथा व्यवस्थापन गर्नका लागी आवश्यक विपद् सामाग्री नभएकोले विपद्जन्य सामाग्री राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण , समक्ष माग गर्ने निर्णय गरियो ।

२०८०।१२।०२
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
निस्दी गाउँपालिका
लुम्बिनी प्रदेश,नेपाल
मित्याल,पाल्पा

CamScanner